# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०२।३० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहट, सेफ नेपाल नामक संस्थाका अध्यक्ष रामनरेश राय यादबसमेतले सेफ नेपाल नामक संस्थामार्फत संचालित महिला जनचेतना कार्यक्रममा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्वन्धमा अनुसन्धान हुँदा जिल्ला रौतहट, स्थानीय गढीमाई नगरपालिकासँग सेफ नेपाल, गौर-५ रौतहटले लक्षित वर्ग अन्तर्गत जनचेतना मूलक कार्यक्रम र महिला जनचेतना कार्यक्रमको लागि कार्यक्रम संचालन गर्न गढीमाई नगरपालिकाले जिम्मेवारी तोकी सम्झौता गरी कायदिश एवं अनुदानसमेत दिइएकोमा उक्त संस्थाका अध्यक्ष रामनरेश राय यादवले नक्कली बिल भरपाई तयार गरी रु.१,७२,२४०।- रकम खाई मास्ने उद्देश्य लिई **सरकारी सम्पत्ति बदनियतपूर्वक हिनामिना गरी हानिनोक्सानी** पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज रामनरेश राय यादवउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम ऐ. ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिम कैद र विगोबमोजिमको जरिवानाको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी